# **बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी सम्झौतापत्र**

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम **घ्याडलेख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हायुटार, सिन्धुली** (यस पछि **गाउँपालिका** भनिएको छ) र **श्री नेपाल एस बि आई बैंक लि. घ्याडलेख शाखा** (जसलाई यस पछि **बैंक** भनिएको छ) बीच **घ्याडलेख गाउँपालिका वडा नं. १, २, ३, ४ र वडा नं. ५** को सामाजिक सुरक्षा भत्ता आ.व. २०७७७८ को पहिलो चौमासिक देखि बैंकिङ्ग प्रणाली मार्फत् वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधिनमा रही आज मिति २०७७/०५/०३ गते बुधबारका दिन जिल्ला सिन्धुली घ्याडलेख गाउँपालिका वडा नं.२ हायुटार कार्यालयमामा बसी सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

## **शर्तहरु**

१) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाणपत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र न. (गाउँपालिकाले उपलब्ध गराउने संकेत नं.), ठेगाना, निजले चौमासिक रुपमा पाउने रकम समेतको पूर्ण अद्यावधिक विवरण उल्लेख गरी सबै समूहका लाभग्राहीहरुको भत्ता भुक्तानी भर्पाई प्रमाणित गरी हरेक चौमासिकमा बैंकलाई MIS प्रविधिमा प्रविष्ट भएको विवरणको विद्युतीय प्रती (Electronic Copy) उपलब्ध गराउनेछ ।

२) बैंकले गाउँपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शुन्य मौज्दातमा सामाजिक सुरक्षा वचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोवारको विवरण देखिन सक्ने गरी १३ अंकको सामाजिक सुरक्षा परिचय पत्र नं. बैंकको मुख्य कारोवार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३) गाउँपालिकाले बैंकबाट सामाजिक सुरक्षा रकम वितरण गर्न लागिएको विषयमा आफ्नो गाउपालिका भित्रका लाभग्राहीहरुले थाहा पाउने गरी सो को सूचना पत्रपत्रिका वा रेडियो वा अन्य उपयूक्त माध्यम बाट प्रचारप्रसार गर्नेछ ।

४) गाउँपालिकाले सामाजिक सूरक्षा रकम वितरण गर्ने समयमा कम्तिमा एक जना कर्मचारी खटाई बैंकलाई सहयोग गर्नेछ ।

५) बैंकले सम्बन्धित गाउँपालिकाबाट लिखित जानकारी प्राप्त गरेपछि आवश्यकतानुसार गाउँपालिका तथा लाभग्राहीहरुको नाममा अलग अलग खाता खोली खाता नं. सहितको विवरण विद्युतीय माध्यमबाट गाउँपालिकालाई उपलब्ध गराउनेछ ।



घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

NEPAL SBI BANK LTD. BRANCH OFFICE GHYANGLEKH

६) गाउँपालिकाले हरेक चौमासिकमा लक्षित समुह, खाता नं. र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक बैंकलाई उपलब्ध गराउने छ । यसरी प्राप्त रकम बैंकले प्रमाणित भत्ता भुक्तानी भर्पाईको आधारमा भत्ता रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए सो समेत १५ दिनभित्र गाउँपालिकालाई उपलब्ध गराउनेछ ।

७) बैंकले परिचयपत्रवाला सम्बन्धित व्यक्ति, अपाङ्गता परिचयपत्र (रातो कार्ड) प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति र बालपोषण बापतको भत्ता पाउने दलित बालबालिकाहरु लगायत सम्पूर्ण लाभग्राहीहरुको आवश्यकतानुसार अभिभावक वा ईच्छाइएको व्यक्तिको फोटो र सहीछाप भिडाई फरक नपर्ने गरी गाउँपालिकाको लिखित जानकारी अनुसार बचत खाता खोल्ने व्यवस्था गर्नेछ ।

८) उमेर नपुगेका बालबालिका, अपाङ्गता भएका व्यक्ति र अशक्त जेष्ठ नागरिकहरुको हकमा अभिभावक, संरक्षक वा कानूनी अख्तियारप्राप्त व्यक्तिमध्ये कुनै एकको हस्ताक्षरबाट वा गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम खाता सञ्चालन हुने गरी बचत खाता खोली खाता सञ्चालन गर्नेछ ।

९) कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी गाउँपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउने छ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम गाउँपालिकामा फिर्ता पठाउने छ ।

१०) बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालाको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन गाउँपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न गाउँपालिकाबाट लेखी आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११) बैंकले लाभग्राहीहरुको आवश्यकता तथा बैंकको खाता सञ्चालन सम्बन्धी नियम अनुसार चेक तथा अन्य बैकिङ्ग सुविधाहरु उपलब्ध गराउने छ ।

१२) बैंकले निष्कृय Dormant खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाउँपालिकालाई दिनु पर्नेछ ।

१३) तथ्यांक आदान प्रदान गर्दा सुरक्षित API, Forward Feed, Reverse Feed जस्ता विद्युतीय माध्यमबाट मात्र गरिनेछ ।

१४) प्रत्येक आ.व. भित्रको अवधीमा कत्ति पनि रकम नझिक्ने लाभग्राहीको खाता विवरण बैंकले गाउँपालिकालाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र उपलब्ध गराउने छ ।

प्रमुख प्रशासकिय अधिकृत

NEPAL SBI BANK LTD. BRANCH OFFICE GHYANGLEKH

१५) खाता संचालन, अद्यावधिक तथा बन्द गर्ने सम्बन्धमा प्रचलित कानून, नियमावली तथा बैंकको आन्तरिक नियमित प्रक्रिया अनुसार गरिनेछ ।

१६) बैंक मार्फत भत्ता वितरण गर्दा कुनै विवाद/समस्या उत्पन्न भएमा उक्त समस्या समाधान गर्न गाउँपालिकाले पहल गर्नेछ ।

१७) नेपाल राष्ट्र बैंक तथा अन्य अधिकार प्राप्त निकाय लगायत बैंकको केन्द्रीय कार्यालयले खाता संचालन सम्बन्धी व्यवस्थामा परिमार्जन/परिवर्तन गर्न निर्देशन/आदेश/परिपत्र जारी गरेमा खोलिएका खाताहरुको संचालन, अद्यावधिक तथा बन्द गर्ने प्रक्रिया सोही अनुसार हुनेछ ।

१८) दुवै पक्षको सहमतिबाट लाभग्राहीहरुलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरु गरिनेछ । यो सम्झौताको अवधि आ.व. २०७७०७८ देखिं आ.व.२०७९।०८० सम्म जम्मा तीन वर्ष कायम रहनेछ । उक्त अवधिमा अन्य निर्णय वा व्यवस्था भएमा सोहि अनुसार हुनेछ ।

१९) अन्य कुराहरु प्रचलित कानून अनुसार तथा आपसी सहमतिमा गरिने छ ।

| गाउंपालिका कार्यालयको तर्फवाट | बैंकको तर्फवाट |
|---|---|
| नाम : राम कुमार कार्की. | नाम : किशोरी शाह |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : शाखा प्रवन्धक |
| दस्तखत : | दस्तखत : |
| मिति : २०७७।०५।०३ | मिति :२०७७।०५।०३ |

रोहवर

| गाउँपालिकाको तर्फबाट | बैंकको तर्फबाट |
|---|---|
| १. एम आइ एस अपरेटर रबि कुमार गोले | १)सरोज बस्नेत |
| २. लेखा अधिकृत सुरेश कुमार अधिकारी | |
| ३. अध्यक्ष श्री जगत वहादुर भोलन | |

ईति सम्वत २०७७ साल भाद्र ३ गते बुधबार